नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(जग्गा प्रशासन शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः-४२३२२६२
४२११६४५
सिंहदरवार, काठमाडौं

प.सं. ०७६।०७७(ज.टि.२८८५) १६३
च.नं. ६०१

मितिः २०७६/०७/०३

विषयः- **निर्णय कार्यान्वयन सम्बन्धमा ।**

**श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाडौं।**
**श्री नापी विभाग, मीनभवन, काठमाडौं ।**

अछाम जिल्ला विशेष नापी कार्यालयबाट जग्गा नाप जाँच भई दर्ता हुन नसकेका जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७६ नेपाल राजपत्र खण्ड ६९) संख्या २७ भाग ५ मा मिति २०७६/०६/१३ मा प्रकाशित भएको हुँदा उक्त राजपत्रको फोटोकपी यसै साथ संलग्न राखी कार्यान्वयनका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

<u>बोधार्थ तथा कार्यार्थः</u>

श्री गृह मन्त्रालय,
सिंहदरवारः जि.प्र.का.अछामका प्रमुख जिल्ला अधिकारी उक्त समितिमा अध्यक्ष रहने व्यवस्था उल्लेख भएकोले आवश्यक निर्देशनका लागि नेपाल राजपत्रको फोटोकपी संलग्न राखी पठाएको व्यहोरा अनुरोध छ ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवारः समितिमा सम्बन्धित गाउँपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले तोकेको गाउँ वा नगरपालिकाको सदस्य, सदस्य रहने प्रावधान रहेकोले नेपाल राजपत्रको फोटोकपी यसै साथ संलग्न राखी जानकारीका लागि अनुरोध छ ।

श्री वन तथा वातावरण मन्त्रालय,
सिंहदरवारः समितिमा प्रमुख, डिभिजन वन कार्यालय अछाम सदस्य रहने प्रावधान रहेकोले नेपाल राजपत्रको फोटोकपी यसै साथ संलग्न राखी जानकारीका लागि अनुरोध छ ।

श्री योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा,
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय,
सिंहदरवारः जानकारी तथा मन्त्रालयको वेवसाइडमा राख्ने प्रयोजनका लागि नेपाल राजपत्रको फोटोकपि यसै साथ संलग्न राखी अनुरोध छ ।

श्री आर्थिक प्रशासन शाखा,
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय,
सिंहदरवारः जानकारीका लागि नेपाल राजपत्रको फोटोकपी संलग्न राखी पठाएको व्यहोरा अनुरोध छ ।

(लीलानाथ दाहाल)
उपसचिव

# भाग ५

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सूचना

अछाम जिल्ला विशेष नापी कार्यालयबाट जग्गा नाप जाँच भई दर्ता हुन नसकेका जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७६

नेपाल सरकारले जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ११ख. तथा मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी अछाम जिल्ला विशेष नापी कार्यालयबाट जग्गा नाप जाँच भई दर्ताको लागि जग्गा धनीले पेश गर्नु पर्ने प्रमाण द्वन्द्वको क्रममा नष्ट भएका कारण दर्ता हुन नसकेका जग्गा दर्ता र साविक नापीमा दर्ता हुन बाँकी जग्गाको छुटजग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्न देहाय बमोजिमको समिति गठन गरी सो समितिको काम, कर्तव्य, अधिकार तथा कार्यवधि देहाय बमोजिम हुने गरी तोकेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "अछाम जिल्ला विशेष नापी कार्यालयबाट जग्गा नाप जाँच भई दर्ता हुन नसकेका जग्गा दर्ता सम्बन्धी समिति गठन आदेश, २०७६"रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "जग्गा दर्ता" भन्नाले अछाम जिल्लामा द्वन्द्वबाट प्रमाण नष्ट भएका क्षेत्रको जग्गा दर्ता तथा साविक ठाँटी गाउँ विकास समिति





लगायत अन्य गाउँ विकास समितिको छुट जग्गा समेत दर्ता गर्ने कार्य सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनुपर्छ।

(ग) "मालपोत कार्यालय" भन्नाले मालपोत कार्यालय, अछाम सम्झनु पर्छ ।

(घ) "नापी कार्यालय" भन्नाले नापी कार्यालय, अछाम सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले दफा ३ बमोजिमको समिति सम्झनु पर्छ।

३. समितिको गठनः (१) अछाम जिल्ला विशेष नापी कार्यालयबाट जग्गा नाप जाँच भई दर्ता हुन नसकेका जग्गा दर्ता सम्बन्धी समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, अछाम - अध्यक्ष

(ख) प्रमुख, डिभिजन वन कार्यालय, अछाम - सदस्य

(ग) सम्बन्धित गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले तोकेको गाउँ वा नगर कार्यपालिकाको सदस्य - सदस्य

(घ) प्रमुख, नापी कार्यालय, - सदस्य

(ङ) मालपोत अधिकृत, मालपोत कार्यालय, -सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नको लागि अध्यक्ष र सदस्य-सचिव सहित कम्तीमा तीन जना सदस्यहरूको उपस्थिति अनिवार्य हुनेछ ।

(४) समितिको बैठकमा समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ र जानकारहरूलाई आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

४. <u>समितिको काम, कर्तव्य र अधिकार</u>: (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) द्वन्द्वका कारण जग्गाधनीले जग्गा दर्ताको लागि पेश गर्नु पर्ने प्रमाणहरूनष्ट भएको र साविकको नापीमा नापी हुन वा नापी भएपनि दर्ता हुन छुट भएका जग्गाहरूछुट जग्गा दर्ताका लागिपैंतीस दिने सार्वजनिक सूचना प्रकाशन गरी निवेदन माग गर्ने,

(ख) मालपोत कार्यालय र नापी कार्यालयबाट दर्ताको कार्य हुन नसकेका निवेदन लगायतका



खण्ड ६९) संख्या २७ नेपाल राजपत्र भाग ५ मिति २०७६।६।१३

कागजात तत् तत् कार्यालयहरूबाट माग गर्ने, साविकको ठाँटी गाउँ विकास समितिको हकमा तयार भएका नक्शा, फिल्डबुक विशेष नापी कार्यालयबाट माग गर्ने तथा जग्गा दर्ताको निर्णय गर्दा विशेष नापी कार्यालयले तयार गरेको नक्सालाई आधारमानी आवश्यक छानबिन समेत गरी गर्ने,

(ग) द्वन्द्वको क्रममा आफूसँग भएको जग्गाधनी दर्ता प्रमाण पूर्जा लगायतका प्रमाणहरू नष्ट भएको भनी दफा ५ को उपदफा (१) बमोजिम जग्गा दर्ताको लागि निवेदन पेश गर्ने जग्गाधनीले सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट निजले दर्ता माग दाबी गरेको जग्गा गुठी वा वनको जग्गा होइन भन्ने व्यहोरा यकिन समेत गरी गराई सो जग्गामा सरकारी, सार्वजनिक जग्गा नपर्ने व्यहोरा स्पष्ट खुलाई गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको बैठकबाट निर्णय गराई सो व्यहोराको किटानी सिफारिस र भोगचलनको सिफारिस

पेश गरेमा त्यस्तो जग्गाको हक भोग सम्बन्धमा स्थलगत सर्जमिन मुचुल्का सहितको प्रतिवेदन लिई निवेदकको नाममा त्यस्तो जग्गा दर्ताको निर्णय गर्ने,

(घ) अछाम जिल्लाको साविक ठाँटीगाउँ विकास समिति र अन्य गाउँ विकास समिति समेतमा साविकको नापीमा नापी हुन छुट भएको वा नापी भएतापनि दर्ता हुन छुट भएको जग्गाको हकमा देहायका प्रमाण तथा कागजात सहित छुट जग्गा दर्ताको लागि दफा ५ को उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा स्थलगत फिल्ड सर्जमिन तथा आवश्यक छानबिन गरी जग्गा दर्ता गर्ने :-

(१) जग्गाधनीको नेपाली नागरिकताको प्रमाणपत्र,

(२) जग्गाको हक भोग सम्बन्धमा जिम्मावाल, मुखिया, तालुकदार, पटवारी, थरी, जिमीदार आदिले दिएको निस्सा वा प्रमाण र तिरो तिरेको रसिद,





(३) उपलब्ध भएसम्म भूमिसुधार कार्यालयले तयार गरेको २ नम्बर अनुसूची, ४ नम्बर जोताहाको निस्सा र ७ नम्बर फाँटवारी,

(४) गाउँपालिका वा नगरपालिकाबाट निवेदकले दर्ता माग गरेको कित्ता जग्गा गुठी जग्गा, वन क्षेत्रमा नपरेको तथा सरकारी, सार्वजनिक समेत नभएको भनी दिएको किटानी सिफारिस,

(५) दर्ता दाबी गरेको जग्गाको सम्बन्धमा गाउँपालिका र नगरपालिकाले गरिदिएको चार किल्ला र भोगचलन खुलेको सिफारिस,

(६) निवेदकले दर्ता माग गरेको कित्ता जग्गाको विशेष नापी कार्यालयले नापी गरी तयार गरेको नक्शा र फिल्डबुक उतार वा सो कित्ता जग्गाको नाप नक्शा सम्बन्धी विवरण,

(७) दर्ता माग गरेको कित्ता जग्गाको सम्बन्धमा भएका अन्य आवश्यक कुनै प्रमाण ।

(२) समितिले जग्गा दर्ताको क्रममा विशेष नापी कार्यालयबाट तयार पारिएको नक्शाको चेक जाँच गराउन, नाप नक्सा गराउन,कित्ताकाट गराउन र नक्शा संशोधन एवं सुधार गराउन सक्नेछ ।

(३) समितिबाट जग्गा दर्ता गर्ने गरी निर्णय भए पश्चात कायम क्षेत्रफल बमोजिम अछाम जिल्लामा शुरु नापी समाप्त भएको साल देखिको तत्कालीन अवस्थामा समय समयमा तोकिए अनुसारको मालपोत सम्बन्धित गाउँपालिका वा नगरपालिकामा बुझाउनु पर्नेछ ।यसरी मालपोत बुझाएको रसिदको प्रतिलिपि पेश भएपछि सो निर्णय बमोजिमको जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाणपूर्जा तयार गरी जग्गाधनी दर्ता प्रमाण पूर्जा वितरण गर्नका लागि समितिले मालपोत कार्यालयमा लेखी पठाउनेछ र यसरी समितिबाट लेखी आएपछि मालपोत कार्यालयले सम्बन्धित व्यक्तिलाई जग्गाधनी प्रमाणपूर्जा उपलब्ध गराउनेछ।

५. <u>निवेदन सम्बन्धी व्यवस्थाः</u> (१) कुनै जग्गाधनीले आफूसँग भएको जग्गाधनी दर्ता प्रमाण पूर्जा द्वन्द्वको क्रममा नष्ट भएको भनी जग्गा दर्ताको लागि निवेदन दिँदा अनुसूची-१ बमोजिमको ढाँचामा र छुट जग्गा दर्ताको लागि निवेदन दिँदा अनुसूची-२ बमोजिमको ढाँचामा समितिले तोकेको म्यादभित्र समिति समक्ष दिनुपर्नेछ ।





(२) उपदफा (१) बमोजिम आफूसँग भएको जग्गाधनी दर्ता प्रमाणपूर्जा लगायतका कागजात द्वन्द्वको क्रममा नष्ट भएको भनी निवेदन दिने जग्गाधनीले देहाय बमोजिमको कागजात पेश गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) दर्ता माग गरेको कित्ता जग्गाको लागि विशेष नापी कार्यालयले नापजाँच गरी तयार गरेको नापीको नक्सा प्रिन्ट र फिल्डबुक उतार,

(ग) निवेदकले दर्ता माग गरेको जग्गामा गुठी जग्गा, वनक्षेत्रको जग्गा र सरकारी, सार्वजनिक जग्गा पर्दैन भन्ने सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गरी दिएको किटानी सिफारिस र भोग चलन खुलेको सिफारिस,

(घ) अंशवण्डा भएको भए सो सम्बन्धी कागजात र सो सम्बन्धमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सिफारिस ।

(ङ) अन्य कुनै प्रमाण भए सो प्रमाण ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको नक्शा र फिल्डबुक नापी कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

६. <u>कार्यविधिः</u> दफा ५ बमोजिम जग्गा दर्ताका लागि पर्न आएका निवेदन उपर समितिले देहाय बमोजिम प्रमाण सङ्कलन तथा छानबिन गर्नु पर्नेछ :-

(क) भोग सम्बन्धमा समितिबाट डोर खटाई स्थलगत सरजमिन तथा निरीक्षण गर्ने,

(ख) जग्गा दर्ताको क्रममा कुनै व्यक्तिलाई बुझ्न आवश्यक देखिएमा सात दिनको म्याद दिई कार्यालयमा झिकाई बुझ्ने,

(ग) हकदाबी सम्बन्धमा एक्काइस दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्ने ।

७. <u>समितिको कार्यालयः</u> समितिको कार्यालय मालपोत कार्यालयमा रहनेछ।

८. <u>समितिको कार्यक्षेत्रः</u> समितिको कार्यक्षेत्र अछाम जिल्ला भित्र मात्र हुनेछ।

९. <u>समितिको कार्य अवधिः</u> समितिको कार्य अवधि समितिले कार्य प्रारम्भ गरेको मितिले एक वर्षको हुनेछ ।

१०. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u> : समितिलाई आवश्यक पर्ने अनुसूची -३ बमोजिमका कर्मचारीहरू भूमि व्यवस्थापन तथा अभिलेख विभाग र नापी विभागबाट समितिको कार्य अवधिभरका लागि काजमा उपलब्ध गराइनेछ।

११. <u>भत्ता तथा बैठक भत्ता</u> : (१) समितिका अध्यक्ष, सदस्य तथा आमन्त्रित व्यक्तिहरूले प्रति बैठकएक हजार पाँच सय रुपैयाँ बैठक भत्ता पाउनेछन् ।





(२) समितिमा काजमा खटिने कर्मचारीले निजले खाईपाई आएको शुरु तलब स्केलको पचास प्रतिशतका दरले मासिक भत्ता पाउनेछन् ।

१२. <u>बजेट सम्बन्धी व्यवस्था</u> : समितिको लागि आवश्यक पर्ने अनुसूची-४ बमोजिमको बजेट रकम नेपाल सरकार,अर्थ मन्त्रालयले मन्त्रालय मार्फत समितिलाई उपलब्ध गराउनेछ ।

१३. <u>निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथ</u> : (१) समितिबाट तयार भएको निर्णय, माइन्यूट, नक्सा, फिल्डबुक र निर्णय मिसिल लगायत अन्य कागजात जिम्मा लिने सम्बन्धित निकायमा बुझाउने र प्रमाणित गर्ने कार्य समितिको सदस्य-सचिवले गर्नेछ ।

(२) समितिबाट जग्गा दर्ता गर्ने गरी भएको निर्णय अनुसार जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाणपूर्जा तयार गर्ने तथा सम्बन्धित जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण गर्ने कार्य मालपोत कार्यालयले गर्नेछ ।

(३) समितिबाट तयार भएको माइन्यूट, नक्सा, श्रेस्ता तथा अन्य कागजातहरू समितिको कार्य सम्पन्न भएपछि मालपोत कार्यालय वा नापी कार्यालयमा र जिन्सी सामानहरू मालपोत कार्यालयमाबुझाउनु पर्नेछ । यसरी बरबुझारथ गर्ने गराउने कर्तव्य समितिको सदस्य-सचिवको हुनेछ ।

## अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**द्वन्द्वको क्रममा जग्गाधनी प्रमाणपूर्जा लगायतका कागजात नष्ट भएकोमा जग्गा दर्ताको लागि दिइने निवेदनको ढाँचा**

श्रीमान् अध्यक्षज्यू मिति :

............समिति ।

विषय : साविक नापीमा दर्ता श्रेष्ता कायम रहेको तर द्वन्द्वको क्रममा जग्गाधनी दर्ता प्रमाण पुर्जा लगायत अन्य प्रमाण नष्ट भएको हुँदा मेरो हकभोग भित्रको जग्गा दर्ता गरी पाउँ ।

प्रस्तुत विषयमा विशेष नापी कार्यालयले नापजाँच गरेको सिट नं.........कि.नं........को जग्गा मेरो हक भोगभित्रको जग्गा हो । उक्त कित्ताको जग्गाधनी दर्ता प्रमाणपूर्जा लगायतका अन्य कागजात विगत द्वन्द्वको क्रममा नष्ट हुन पुगेको हो । उक्त जग्गा गुठी जग्गा, वन क्षेत्रको जग्गा र सरकारी, सार्वजनिक जग्गा होइन मेरो भोग चलन रहेको मेरो हक भोगको जग्गा हो भन्ने गाउँपालिका/नगरपालिकाकोसिफारिस सहित जग्गा दर्ताको लागि यो निवेदन पेश गरेको छु । मैले दर्ता माग गरेको कित्ता जग्गा साविकमा दर्ता श्रेस्ता कायम रहेको मेरो हक भोगको जग्गा हो पछि कुनै व्यहोराले उक्त जग्गा गुठी जग्गा हो भनी यकिन हुन आएमा प्रचलित कानून बमोजिम गुठी जग्गा कायम भएमा र सो जग्गा सरकारी, सार्वजनिक जग्गा हो भनी यकिन हुन आएमा मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (२) बमोजिम सरकारी, सार्वजनिक जग्गा कायम भएमा मेरो मञ्जुरी समेत रहेको व्यहोरा अनुरोध गर्दछु । व्यहोरा साँचो हो झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

संलग्न कागज प्रमाणहरू

१,

२,

३

निवेदक ..................

दायाँ बायाँ





## अनुसूची-२

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**छुट जग्गा दर्ताको लागि दिइने निवेदनको ढाँचा**

श्रीमान अध्यक्षज्यू

...................समिति

मिति :

विषय : छुट जग्गा दर्ता गरी पाउँ ।

प्रस्तुत विषयमा अछाम जिल्ला......... गाउँपालिका/नगरपालिका वडा नं......मा रहेका सिट नं. .........कि.नं. को जग्गा साविक नापीको समयमा नापी हुन छुट भएको/दर्ता सम्म छुट भएको मेरो हक भोगभित्रको जग्गा हो । उक्त जग्गा गुठी जग्गा, वनक्षेत्रको जग्गा र सरकारी, सार्वजनिक जग्गा होइन भन्ने गाउँपालिका/नगरपालिकाको सिफारिस तथा उक्त जग्गामा मेरो भोगचलन रहेको व्यहोरा र चारकिल्ला खुलेको सिफारिस समेत संलग्न राखी छुट जग्गा दर्ताको लागि यो निवेदन पेश गरेको छु । मैले छुट जग्गा दर्ता माग गरेको कित्ता जग्गा साविक नापीमा दर्ता कायम भएको जग्गा नभई मेरो साविक लगत तिरो भएको जग्गा हो । सो जग्गा पछि कुनै व्यहोराले अन्यथा हुने देखिएमा प्रचलित कानून बमोजिम दर्ता बदर भएमा मञ्जुर समेत रहेको व्यहोरा अनुरोध गर्दछु । व्यहोरा साँचो हो झुट्ठा ठहरे कानून बमोजिम सहुला बुझाउँला ।

संलग्न कागज प्रमाणहरू

१

२

३

दायाँ बायाँ ......................निवेदक

## अनुसूची-३

(दफा १० सँग सम्बन्धित)

कर्मचारीको दरबन्दी सम्बन्धी व्यवस्था

| सि.नं. | कर्मचारीको विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | मालपोत अधिकृत (राजपत्राङ्कित तृतीय श्रेणी) | १ जना | भूमि व्यवस्थापन तथा अभिलेख विभागले काजमा खटाउने |
| २ | नायव सुब्बा (राजपत्र अनङ्कित प्रथमश्रेणी) | २ जना | भूमि व्यवस्थापन तथा अभिलेख विभागले काजमा खटाउने |
| ३ | सर्भेक्षक(राजपत्र अनङ्कित प्रथमश्रेणी) | १ जना | नापी विभागले काजमा खटाउने |
| ४ | अमिन(राजपत्र अनङ्कित द्वितीय श्रेणी) | २ जना | नापी विभागले काजमा खटाउने |
| ५ | कार्यालय सहयोगी (श्रेणी विहीन, जञ्जिदारसमेत) | २ जना | भूमि व्यवस्थापन तथा अभिलेख विभागले-१ जना र नापी विभागले-१ जना काजमा खटाउने |
| | जम्मा | ८ जना | |





## अनुसूची-४

(दफा १२ सँग सम्बन्धित)

समितिको लागि आवश्यक बजेट

| सि. नं. | बजेट शीर्षक | रकम (रुपैयाँमा) | कैफियत |
|---|---|---|---|
| १ | भत्ता | ५,७०,०००/- | समितिको बैठक भत्ता र कर्मचारी भत्ता |
| २ | दैनिक भ्रमण भत्ता | २,००,०००/- | फिल्ड निरीक्षण, स्थलगत सरजमिन,नाप नक्सा समेतको लागि |
| ३ | कार्यालय खर्च | ६०,०००/- | समितिको कार्यालय सञ्चालन |
| ४ | कार्यक्रम भ्रमण | ६०,०००/- | पदाधिकारीहरूको स्थलगत भ्रमण समेत |
| ५ | विविध | १,००,०००/- | बैठकको लागि चियापान र पदाधिकारीको स्थलगत भ्रमणको लागि पेट्रोल खर्च समेत |
| | जम्मा | ९,९०,०००/- | |

आज्ञाले,
सूर्यप्रसाद गौतम
नेपाल सरकारको सचिव